**अनलाइन सञ्चार माध्यम नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना**

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ तथा छापाखाना र प्रकाशन सम्बन्धी (दोश्रो संशोधन, २०८२ सहित) नियमावली, २०४९ (यस पश्चात नियमावली भनिएको) बमोजिम सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण गर्दै आइरहेको छ। नियमावलीको नियम ८ख मा अनलाइन सञ्चारमाध्यमको दर्ता प्रमाणपत्रको वहाल अवधि एक आर्थिक वर्षको रहने, अनलाइन सञ्चारमाध्यमको नवीकरण गराउन आवश्यक पर्ने कागजात र दस्तुर सम्बन्धी व्यवस्था र नियमावलीमा तोकिएको अवधि भुक्तान भएपछि नवीकरण गराउँदा लाग्ने थप दस्तुर सम्बन्धी व्यवस्था छ।

नियमावलीको नियम ८ख (५) मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले नवीकरणका लागि निवेदन दिएमा स्थानीय अधिकारीले नवीकरण दस्तुरमा पूर्ण रुपमा छुट दिई प्रमाणपत्रको नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार साविक अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमको नवीकरणका लागि संवत् २०८२/०९/३० गतेसम्म नवीकरण शुल्क नलाग्ने तथा संवत् २०८२/१०/०१ देखि नियमानुसार नवीकरण शुल्क तथा थप दस्तुर समेत लाग्ने व्यहोरा जानकारीका लागि अनुरोध छ।

उपरोक्त सन्दर्भमा साविक अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम दर्ता भई यस आर्थिक वर्ष (आ.व २०८२/८३) सम्म नवीकरण नगरेका अनलाइन सञ्चारमाध्यमले नवीकरण दस्तुरमा पूर्ण रुपमा छुट सहित नवीकरण गर्ने संवत् २०८२/०९/३० को कार्यालय समयभित्र यस विभागको सूचना व्यवस्थापन प्रणाली (Information Management System, domain: https://ims.doib.gov.np/) मा लगइन गरी आवेदन दिई नवीकरण गराइसक्नुहुन अनुरोध छ।